## नेपाल राष्ट्र बैंक
## सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग
### पुराना सवारी साधनहरु सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०७९/०१/२१

लिलाम सूचना नं: अन्य सम्पत्ति/लिलाम/२०७८/७९/०१

यस बैंकको स्वामित्वमा रहेका देहाय बमोजिमका पुराना सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गनुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले २० (बीसौं) दिनभित्र बोलपत्र फारम खरिद गरी २१ (एक्काईसौं) दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल (सनमा) | न्यूनतम लिलाम मुल्य (मू.अ.कर सहित रु.) |
|---|---|---|---|
| १ | बा.१ क ६३५३ (स्वराज मज्दा बस) | २००८ | ५,७०,०००।०० |
| २ | बा.५ च ८७९० (महेन्द्रास्कारपियो पीकअप) | २००७ | ९,६४,०००।०० |
| ३ | बा.७ च ८६४९ (महेन्द्रास्कारपियो जीप) | २००९ | १२,१८,०००।०० |
| ४ | बा.९ च ७३८० (सेभ्रोलेट जीप) | २०१२ | १२,२१,०००।०० |
| ५ | बा.९ च ७३८१ (सेभ्रोलेट जीप) | २०१२ | १२,२१,०००।०० |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
   (क) स्थान : सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार
   (ख) समय : दिनको १२: ३० बजे
   (ग) मिति : २०७९।०२।१०

(२) बोलपत्रसाथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको (मू.अ.कर सहित) पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग विभाग, बालुवाटारमा रहेको खाता नं. ११०९९०१-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस बैंकमा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरुको नामसारी भए पश्चात मात्र फिर्ता गरिनेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ । माथि उल्लेखित न्यूनतम मूल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नु पर्नेछ ।

(४) बोलपत्र फाराम रु.२,०००।०० (रु.दुइ हजार मात्र) (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा रकम जम्मा गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट खरिद गर्न सकिने छ ।

(५) लिलाम हुने सवारी साधनहरु हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १०.०० बजे देखि दिउसो ३.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय ,सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (सम्पर्क नं.४४१९८०४ (**Ext.**३७२ र ३६६) मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग